## अन्य

- दलगत आधारमा कर्मचारी, प्राध्यापक, शिक्षक, पत्रकार, कानून व्यवसायी, चिकित्सक, इञ्जिनियर, विद्यार्थी जस्ता पेशागत संघ संगठन निर्माण गर्न नपाउने कानूनमै व्यवस्था गर्ने
- हक अधिकारको लागि स्वतन्त्र ट्रेड युनीयनमात्र गठन गर्न पाउने
- दण्ड र पुरस्कार व्यवस्था गर्ने
- सरकारी सार्वजनिक निकायमा दलाली प्रथाको अन्त्य
- बेरोजगारी समस्या समूल रूपमा अन्त गर्न
- विज्ञान प्रविधिको विकास र उपयोग गर्न आविष्कार केन्द्र स्थापना गर्न
- कृषिमा व्यापक आधुनिकीकरण गर्दै ज्यादा प्रतिफल बनाउनका लागि
- राजनीतिक आवरणले छोपिएका भ्रष्टाचारका काण्डहरू उजागर गरी भ्रष्टाचारीहरूलाई कारबाही गर्न ।
- विश्वभर रहेका नेपालीहरुलाई निर्वाचनमा मताधिकारको ग्यारेन्टी गर्न ।

## राष्ट्रियता र विदेश नीति


- राष्ट्र राष्ट्रियता माथि आँच आउने सन्धी सम्झौता ऐन कानून खारेज
- असंलग्न परराष्ट्रनीति
- राष्ट्रहित संवर्द्धन संरक्षण
- पञ्चशीलको सिद्धान्त
- तटस्थताको सिद्धान्त
- देश तथा विश्वमा रहेको नेपालीहरूको संरक्षण संवर्द्धन

## काठमाडौं निर्वाचन क्षेत्र नं २ का लागि प्रतिवद्धता

- प्रत्येक पालिकामा ५०-५० मेडिकल डाक्टर र इञ्जिनियर उत्पादन गर्न भूमिका खेल्ने
- प्रत्येक वर्ष २ हजार विद्यार्थीलाई प्राविधिक शिक्षा प्रदान गर्ने
- कृषि, पर्यटन, खानेपानी तथा खेलकुद क्षेत्रको विकासका लागि विभिन्न योजनाहरू सञ्चालन गर्ने
- युवा उद्यमशीलता विकासको लागि प्रतिवर्ष ५ सय युवालाई तालिम दिने
- सूचना प्रविधिको हव र सिलिकन भ्याली स्थापना गर्ने
- कला संस्कृति सांस्कृतिक धरोहर सम्पदाको संरक्षण गर्ने
- फोहोर व्यवस्थापन र फोहोरलाई मोहरमा रूपान्तरण गर्ने
- नागरिकका प्रशासनिक र सामाजिक रूपमा आइपरेको समस्या समाधान गर्न हरपल सक्रिय रहने

## सामाजिक सुरक्षा

- गरिब, असहाय, निम्न वर्गलाई सुविधा वृद्धि र छिटो छरितो सेवा दिने
- महिला, दलित युवालाई सीप विकास तालिम दिएर रोजगारी सृजना गर्ने
- वृद्धवृद्धा, एकल महिलाका लागि आवश्यक सहयोग गर्ने
- वर्षमा दुईपटक स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने



**२०७९ मंसिर ४ को प्रतिनिधि सभा सदस्यको निर्वाचनमा स्वतन्त्र नागरिक सञ्जालमा आवद्ध उम्मेदवारहरुले लिएको प्रमुख चुनाव चिन्ह**


**'नेपालीको शान क्रस खुकुरीमा मतदान'**

**प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९**
**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र**
**काठमाडौं क्षेत्र नं. २**

प्रदेश : बागमती
जिल्ला : काठमाडौं
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. : २
गाउँपालिका/नगरपालिका : ................
वडा नं. : ..................
मतदाता क्रमसङ्ख्या : ................



**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९**
**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र**
**[ एउटा कोठाभित्र मात्र मतसङ्केत(卐)गर्नुहोस् ]**



मतदान अधिकृतको दस्तखत :

नेपाललाई अब आईटी सेक्टरमा पूरै डेभलपमेन्ट गर्नको लागि र नेपाली युवाहरूलाई रोजगारी दिनको लागि, नेपालको सामाजिक अनि आर्थिक अवस्था माथि उठाउनका लागि अब हामी जस्ता युवाको खाँचो परेको छ । नेपालमा अहिले भइरहेका सरकारी कार्यालयमा अति सुस्त गतिमा काम हुने गरेका छन् । अब मैले नेपालको सरकारी कार्यालयमा पारदर्शी, भ्रष्टाचारमुक्त गरेर कामलाई अति सहज र सरल तरिकाले सम्पन्न गर्ने गरी प्रविधिमार्फत अघि बढ्ने कल्पना गरेको छु । सरकारी जति पनि काम कारवाहीहरु रहेका छन् त्यसलाई एउटा एप्लिकेशन निर्माण गरेर सम्पन्न गर्ने परियोजनाको पनि कल्पना गरेको छु । त्यसको निम्ति काम गर्न म सक्षम पनि छु । आईटी क्षेत्रमा ठूलो लगानी गरेर विश्वस्तरीय आईटी मेनपावर अनि आईटी वैज्ञानिकहरू पैदा गरेर ठूला ठूला आईटी कम्पनी खोल्ने अनि विश्व मार्केटमा नेपाललाई टप लेभलमा लैजाने मेरो लक्ष्य छ । यसले नेपालको आर्थिक विकासमा ठूलो योगदान दिने छ ।

आईटी सेक्टरको विकासको लागि १० हजार आईटी ग्र्याजुएट युवाहरूलाई आइटी कमिशन इन नेपाल भन्ने आयोग बनाएर रोजगारी दिने, लोक सेवा अथवा करारमा नियुक्ति गरेर सिधा सबै सरकारी कार्यालयहरूमा रेखदेख गर्ने, सबै सिस्टमलाई डिजिटल रूपमा छिटो छरितो अनि भ्रष्टाचाररहित सेवा र सुशासनका लागि मेरो उम्मेदवारी हो । मलाई सम्पूर्ण मतदाताले मत दिएर सहयोग गर्नुहुन्छ भन्ने अपेक्षा राखेको छु ।

अहिले भित्रिएको नयाँ टेक्नोलोजी ब्लकचेन टेक्नोलोजीलाई पनि रिसर्च गरेर काठमाडौं २ लाई आईटी सिटी र सिलिकन भ्यालि बनाउने सपना पनि मेरो रहेको छ । काठमाडौंमा जति पनि व्यापारीहरु छन् सबैका लागि खरिद/विक्री विलिङ सिस्टम अनिवार्य अडिट आवश्यक छ । व्यापारीबाट ठूलो कर उठाउन सकिन्छ यसका लागि पनि सफ्टवेयर निर्माण गरी सिस्टमेटिक बनाउन आवश्यक छ । देशमा रोजगारी र अवसर सिर्जना गर्नका लागि जब पोर्टलको एप्लिकेशन सञ्चालन गर्ने पनि मेरो लक्ष्य रहेको छ ।

चुनाव चिन्ह क्रस खुकुरी

**'नेपालीको शान क्रस खुकुरीमा मतदान'**



# अनुप बोहरा

## स्वतन्त्र उम्मेदवार

## काठमाडौं क्षेत्र नं.- २

**प्रतिनिधि सभा**


**सल्लाह र सुझावका लागि : ९८५११७२४४१**
**parliament@anupbohara.com.np**
**https://www.facebook.com/anup88**
**https://anupbohara.com.np/**


वि सं २०४८ माघ १० गतेका दिन, गोठाटार-९ निजी निवासमा मेरो जन्म भएको हो । हाम्रो पूर्खा गोरखादेखि काठमाडौं आउनु भएको हो । पृथ्वीनारायण शाहले काठमाडौं एकीकरण गरेको बेलामा नै हाम्रो पूर्खा काठमाडौं आएका थिए । अहिले पनि गोरखा दरबारमा हाम्रा पुर्खा र खलकबाट श्री लिलाबहादुर बोहरा नै गोरखाको काली मन्दिरको पुजारी हुनुहुन्छ । श्री द्रव्य शाहको पालादेखिको पुजारी बोहराहरू नै हुनुहुन्छ । मेरो हजुर बुवा मिनबहादुर बोहरा ८० वर्षको हुनुभयो । उहाँ अहिले पनि राइस मिल उद्यमी हुनुहुन्छ । ८० वर्षको उमेरमा पनि उहाँ आफ्नै मिल चलाएर बसिरहनुभएको छ । मेरो बुबा सुन्दर बोहोरा पनि एक उद्यमी हुनुहुन्छ । उहाँ गुड डे मिनरल वाटरको संस्थापक हुनुहुन्छ । म अनुप बोहोरा डेल्टा नाइन बिजनेश ग्रुप प्रा.लि. नामक इन्भेस्टमेन्ट कम्पनी २०१५ सालमा खोलेर अहिले,

1. IT sector
2. Ecommerce Sector
3. Logistics Sector
4. Plastic Manufacturing Sector
5. Mineral Water Production Sector
6. Plastic Waste Material Recycling Sector
7. Shoes & Garments Manufacturing Sector
8. Real Estate Housing Sector
9. Share Market Sector
10. FDI Sector, Banking, Sahahkari & Finance Sector

चुनाव चिन्ह
क्रस खुकुरी

मा आवद्ध रहेको छु । अहिले म ३० वर्षको उमेरमा विभिन्न सेक्टरमा लगानी गरेर सफल युवा उद्यमीको रुपमा देशमा नै केही गर्न सकिन्छ भनेर बलियो उदाहरण प्रस्तुत गरिरहेको छु । साथै, अहिले प्लस टु, ब्याचलर गरेर बसेका युवाहरूको लागि नेपालमा नै केही गर्न सकिन्छ भनेर प्रेरणा पनि दिइरहेको छु । हालका दिनमा प्राइभेट सेक्टरबाट ५ सय भन्दा बढी युवाहरूलाई रोजगारी पनि प्रदान गरिरहेको छु । धेरै सामाजिक अभियानहरूमा आर्थिक सहयोग गरेर यो समाजमा योगदान पनि पर्‍याइरहेको छु । निजी क्षेत्रमा सफलता हासिल गरेपछि अब सरकारी क्षेत्रबाट पूरा देशभर युवा उद्यमी जन्माउन सकिन्छ, यो देशको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा एउटा सांसद भएर ठूलो परिवर्तन ल्याउन सक्ने बलियो आँट, मेरो शिक्षाको विज्ञता अनि विगत ७ वर्षदेखिको निरन्तर परिश्रमका कारण आफूलाई सांसदको योग्य उम्मेदवार ठानेर उम्मेदवारी दिने निर्णय गरेको हुँ ।

## परिचय

# अनुप बोहरा

**जन्म** : १० माघ, २०४८ (३० वर्ष)
**जन्मस्थान** : काठमाडौं क्षेत्र नं २, कागेश्वरी-९
**मातापिता** : सानुमैयाँ बोहरा/सुन्दर बोहरा
**शिक्षा** : स्नातक, इन्टरनेशनल बीजनेश (लण्डन मेट्रोपोलिटन युनिभर्सिटी)
दश जोड दुई, विज्ञान (पेन्टागन कलेज, तीनकुने)
माध्यमिक (न्यू स्टार पोल मावि, गोठाटार)
**हाल कार्यरत** : प्रमुख कार्यकारी अधिकृत, डेल्टा नाइन बिजनेश ग्रुप
**विज्ञता** : सूचना प्रविधि
**अनुभव** : मिनरल वाटर, गार्मेन्टस्, शेयर मार्केट, बैकिङ र सहकारी क्षेत्र
: विभिन्न संघ-संस्था र सामाजिक कार्यहरूमा निरन्तर सक्रिय

## नेपालको अवस्था

### राजनीतिक अवस्था

- राष्ट्र र राष्ट्रियता संकटमा, वैदेशिक हस्तक्षेप बढ्दो
- कुशासन, भ्रष्टाचार, अराजकता, अन्याय अत्याचार बढ्दो
- जनतामा निराशा बढ्दो
- अस्थिर राजनीति, भागवण्डा, मिलेमतो र शासनमा समेत सिण्डिकेटको अवस्था
- राजनीति देश र जनताको लागि नभई व्यक्तिगत लाभ, शक्ति, आडम्बर आ-आफ्नो समूहमा केन्द्रित
- राजनीतिक आन्दोलन अपूरो
- राजनीतिलाई सेवा नभई पेशा र व्यवसायमा रूपान्तरण गरिएको

### आर्थिक अवस्था

- राष्ट्को ऋण बढ्दो
- जन्मदै ७० हजार प्रतिव्यक्ति ऋण
- बेरोजगारी समस्या डरलाग्दो
- ८० लाखभन्दा बढी युवा जनशक्ति विदेशिन बाध्य
- जनताको क्रयशक्ति कमजोर
- बजारमा आर्थिक संकट
- महङ्गी अत्याधिक बढ्दो
- बैंक तथा वित्तिय संस्थाको ब्याजदर उच्च
- देशलाई ऋणमा डुबाएर विकास खर्च गर्नुपर्ने अवस्था

### सामाजिक अवस्था

- असमानता, छुवाछुत र विभेदको समस्या
- पितृसत्तात्मक पारिवारिक र सामाजिक संरचना
- युवाहरू अवसरबाट वञ्चित
- वंशवाद, नातावाद र कृपावादबाट अवसर प्रदान गर्ने प्रवृत्ति
- जनजनबीच घृणा र द्वेष फैलाउने तत्वहरूबाट खतरा
- बालबालिकाको सुरक्षा, वृद्धवृद्धाको सामाजिक सुरक्षामा चुनौती

### कर्मचारी र सुरक्षा निकायको अवस्था

- कर्मचारी र सुरक्षा निकायमा राजनीतिकरण
- सरकारी सार्वजनिक निकायमा झन्झटिलो सेवा, ढिलासुस्ती, अनियमितता, भ्रष्टाचार र दलाली प्रथा

## स्वतन्त्र उम्मेदवारीको उद्धेश्य

- संसदीय शासन व्यवस्थाका विकृतिहरू हटाउने

**राजनीतिक व्यवस्था:**
- लोकतान्त्रिक उदारवादको सुनिश्चितताका लागि

**राज्यको चरित्र:**
- लोककल्याणकारी राज्य सुनिश्चितताका लागि

**निर्वाचन प्रणाली:**
- जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न
- पहिलो हुने निर्वाचन प्रणाली कायम गर्न
- समानुपातिक निर्वाचन प्रणाली खारेज गर्न
- पहिलो हुने निर्वाचन प्रणालीमा समावेशी सिद्धान्तको आधारमा सबै लिङ्ग, वर्ग, क्षेत्र, जाति, जनजाति, समुदायलाई समेट्ने सुनिश्चितताका लागि
- सांसद विकास कोष खारेज गर्न
- भीआइपी र पूर्व विशिष्ट पदाधिकारीहरूले चाहिने भन्दा बढी अनाधिकृत रूपमा प्रयोग गरेको सुरक्षाकर्मी, सवारीसाधनलगायत कानूनले अनाधिकृत रूपमा तोकेको सेवा सुविधा कटौती गन
- सांसदहरू विधि नीति निर्माण, कानून, संविधानका गलत प्रावधान संशोधन र ठूला ठूला पूर्वाधार निर्माणमा मात्र केन्द्रित गराउन
- नेपाली मौलिक, संस्कृति, विभिन्न जातजाति, भाषाभाषिका परम्परा, कला र सम्पदाको रक्षा गर्न र राष्ट्रिय मुलधारमा ल्याउन ।

### स्थानीय निकाय

- स्थानीय सरकारमा राजनीतिक दलबाट प्रतिनिधित्व गर्न प्रचार खारेज स्वतन्त्र मात्र उठ्न पाउने व्यवस्था गर्न । स्थानीय निकायको संख्या ३०० मात्र हुने व्यवस्था गर्न ।
- स्थानीय निकायमा भइरहेको बेथिति, भ्रष्टाचार र अराजकता रोक्न र भ्रष्टाचारीलाई कारबाही गर्न छुट्टै शक्तिशाली आयोग गठन गर्ने ।

### सुशासन

- सरकारी तथा सार्वजनिक निकायमा नागरिकका कुनै पनि काम एक घण्टाभित्र गरिसक्नुपर्ने प्रणाली विकास गर्न ।
- सबै निकायमा डिजिटल प्रणालीको छिटो सेवा सुविधा लागू गर्न
- गलत र विवेधकारी कानुनहरू खारेज गर्न
- व्यक्तिको होइन विधिको शासन स्थापित गर्न
- राजनैतिक आवरणमा भइरहेको अन्याय, अत्याचार, भ्रष्टाचार, दण्डहीनता अन्त्य गर्न ।
- अत्यावश्यक कार्यालयको सेवा बाहेक एउटै सरकारी निकायबाट तुरुन्त काम हुने प्रणाली विकासका लागि ।

### शिक्षा र स्वास्थ्य

- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा हरेक नागरिकको पहुँच र समानता कायम गर्न

### पूर्वाधार विकास

- देशभर विद्युतीय यातायात प्रणाली स्पीड वे, केबुलकार निर्माणका लागि ।
- देशका राजधानी काठमाडौं र प्रमुख सहरहरूमा अण्डर वे र क्रस ब्रिज बनाई ५ वर्ष भित्र सडक जाम अन्त्य गरी छिटो र सरलरूपमा सबै ठाउँमा पुग्ने व्यवस्था गर्ने ।
- एकै प्रायोजनमा तीनवटा सरकारमा कर तिनुपर्ने प्रथा अन्तका लागि
- पर्यटन र पूर्वाधार विकास गर्दै वार्षिक ५० लाख पर्यटक भित्राउनका लागि

**संसदको स्वरूप**
- दुई तहको संसद • प्रतिनिधि सभा र राष्ट्रिय सभा
- प्रतिनिधि सभा प्रत्यक्ष र राष्ट्रिय सभा अप्रत्यक्ष समानुपातिक सिद्धान्तको आधारमा निर्वाचन हुने

**सरकारहरू**
- हाल तीन तहको सरकार रहिआएकोमा दुई तहको सरकार केन्द्रीय र स्थानीय मात्र कायम गर्न • प्रदेश सरकार खारेज गर्न

**राज्यका अङ्गहरू**
- शक्ति पृथकीकरणको सिद्धान्त
- न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामा एकले अर्कालाई हस्तक्षेप गरी शक्तिको दुरूपयोग व्यापक रूपमा भइरहेकाले एकले अर्कोलाई हस्तक्षेप गर्न कानूनका छिद्र रहन नदिन

**संवैधानिक निकाय**
- संवैधानिक निकाय, कूटनीतिक निकाय, सार्वजनिक संस्थानहरूलगायतमा राजनीतिक दलको भागवण्डाद्वारा कार्यकर्ताहरू नियुक्ति गर्ने प्रथा र प्रवृत्ति अन्त गरी कानूनी व्यवस्था बलियो बनाई सक्षम र क्षमतावानहरूको नियुक्तिको व्यवस्था गर्न
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई स्वतन्त्र र शक्तिशाली बनाउन
- स्वतन्त्र, निष्पक्ष र छिटोछरितो न्यायपालिकाका लागि